"सिरीजङ्गाको गौरव, कन्चनजङ्गा"

# सिरीजङ्गा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

१ नम्बर प्रदेश, नेपाल ।

पत्र संख्या : २०७६।०७७
चलानी नम्बर :

मिति : २०७७।०१।११

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रणका लागि लगाइएको लकडाउनका कारण उत्पन्न समस्या उपर छलफल गरी हालसम्म गाउँपालिकाबाट भएका राहत वितरण लगायत अन्य कार्यहरुको समीक्षा गर्दै आज मिति २०७७ साल वैशाख ११ गते बिहीवारका दिन सिरीजङ्गा गाउँ कार्यपालिकाका अध्यक्ष श्री टिकाराम गुरुङ ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो । उक्त बैठकले गरेका महत्वपूर्ण निर्णयहरु देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । र, सम्बन्धित सरोकारवाला सबै पक्षबाट उक्त निर्णय कार्यान्वयनमा पर्याप्त सहयोग गरी दिनु हुन समेत हार्दिक अनुरोध गर्दछु ।

**निर्णय नं. (१) :**

सिरीजङ्गा गाउँपालिका क्षेत्रमा कोभिड १९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रण एवम् राहत सामाग्री वितरणमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम हालसम्म भएको देहाय बमोजिमका खर्चहरुलाई अनुमोदन गर्दै उक्त खर्च विवरण सार्वजनिक गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

देहाय

| सि.नं. | खर्च शीर्षकको विवरण | खर्च भएको रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | राहत सामाग्री खरिद (२५ हजार केजी सोना मन्सुली चामल, ३ हजार केजी मुसुरी दाल, २ हजार लिटर तोरी तेल, २ हजार केजी आयो नुन र ४ हजार वटा नुहाउने साबुन) | २१,२७,८०८।०० | प्रति परिवार रु. २,१२६।०० (भ्याट सहित) का दरले एक हजार परिवारका लागि खरिद गरी सम्बन्धित वडाबाट लक्षित परिवारलाई वितरण गरिएको । |
| २. | क्वारेण्टाइन स्थापना, सञ्चालन तथा व्यवस्थापन | २,५४,०५०।०० | सिरक, डसना, खाना, खाजा, पानी, बत्ती, होर्डिङ बोर्ड, वायरिङ, जिल्लाबाट आएको राहत सामाग्री ढुवानी, स्वास्थ्यकर्मीलाई उपलब्ध गराइएको सञ्चार खर्च लगायतका खर्चहरु । |
| ३. | औषधिजन्य सामाग्रीहरु खरिद | २,६०,०००।०० | ग्लोब्स, सोडियम हाइपो क्लोरोनाइड, सेनिटाइजर, पारा सिटामोल, सिट्रिजिन, सर्जिकल |

ईमेल: sirijangharuralmunicipality@gmail.com
वेभसाईट : www.sirijanghamun.gov.np

पत्र संख्या : २०७६।०७७
चलानी नम्बर :

| | | | |
|---|---|---|---|
| | | | मास्क, इन्फ्रारेड थर्मोमिटर, डिजिटल थर्मोमिटर आदि । |
| ४. | वडा नं. १ सिनामको पञ्चमीदेखी गाउँपालिकाका ८ वटै वडामा गरिएको सि.नं. १ मा उल्लिखित राहत सामाग्री ढुवानी खर्च | १,४९,२२४।०० | |
| जम्मा | | २७,९१,०८२।०० | |

**निर्णय नं. (२) :**
सिरीजङ्घा गाउँपालिकाको छैठौं गाउँ सभा अधिवेशनद्धारा संशोधन गरिएको चालु आर्थिक वर्ष २०७६।०७७ को वार्षिक बजेटको चालु खर्च तर्फको कार्यक्रम खर्च (२२५२२) मा विनियोजित रकम रु. ८५ लाखबाट गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा सिरीजङ्घा गाउँपालिकाको विनियोजन ऐन (प्रथम संशोधन), २०७६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पच्चीस प्रतिशतले हुन आउने रकम रु. २१ लाख २५ हजार बराबरको रकम रकमान्तर गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. (३)**
कोभिड १९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउनका कारण समग्र खाद्यान्यजन्य वस्तुको उत्पादन तथा आपूर्ति प्रकृयामा परेको प्रतिकूल प्रभावलाई न्युनीकरण गर्दै सम्भावित भोकमरी जस्तो विकराल समस्यालाई स्थानीयस्तरबाटै समाधान गर्न **"खाद्य संकटको समाधान, स्थानीय कृषि उत्पादन"** नामक कार्यक्रम यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्न तत्काल देहाय बमोजिमका कार्यहरु अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**देहाय**

क) सबै वडा समितिले वडाभित्रका कृषकहरुसँग पर्याप्त छलफल गरी वडाको भौगोलिक विशेषता समेतका आधारमा वडामा उत्पादन हुनसक्ने कृषि उपजको विवरण तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।
ख) उल्लिखित कार्यक्रमलाई दीर्घकालसम्म सञ्चालन तथा व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रका विज्ञ समेतको राय परामर्श लिई कार्यविधिको तर्जुमा गर्न गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी सुम्पने ।

**निर्णय नं. (४)**
श्री गंगा प्रा.वि., पेदाङको पुरानो भवन भत्काई सो स्थानमा नयाँ भवन बनाउन उक्त विद्यालयबाट अनुरोध भई आएकोमा गाउँ कार्यपालिकाको कार्यालयमा रहेका प्राविधिकलाई उक्त विद्यालयको पुरानो भवनको वस्तुस्थितिको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न लगाइएकोमा मिति २०७६।१२।११ मा प्राविधिकले दिएको प्रतिवेदन समेतका आधारमा उक्त भवन भत्काउन अनुमती दिने र पुरानो भवनमा रहेका प्रयोगमा आउन सक्ने सामाग्रीको व्यवस्थापन गर्न ५ नं. वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

(श्री लालकृष्ण चौहान)
प्रवक्ता
मिति २०७७।०१।११

ईमेल: sirijangharuralmunicipality@gmail.com
वेभसाईट : www.sirijanghamun.gov.np